# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल ।

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुडिया नवलपरासी
लुम्बिनी प्रदेश नेपाल

## नदीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धी ७( सात) दिने सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८०।११।२२

यस गाउँपालिकाको वडा न. ५ को विभिन्न क्षेत्र (रामनगर, सकरदिनही, रतनगंज चोक, रतनगंज देखि सुर्यपुरा बाँधको उत्तर) मा अबैधरुपमा संकलन गरी बेवारिसे अवस्थामा रहेको नदीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्ने गाउँकार्यपालिकाको मिति २०८०।११।०६ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | क्षेत्र | विवरण | | न्युनतम अंक ( मु.अ.कर बाहेक) रु | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | विवरण र परिमाण(घन मिटर) | कुल परिमाण ( घन फिट) | | |
| आय-११/०८०।०८१ | सुस्ता गा.पा. वडा न. ५ क्षेत्रमा रहेको (रामनगर, सकरदिनही, रतनगंज चोक, रतनगंज देखि सुर्यपुरा बाँधको उत्तर) | ढुङ्गा : १२७५<br>वालुवा : ६३०<br>गिट्टी : ३२०<br>भस्कट : ९ | नदीजन्य पदार्थ : ७८५७५<br>भस्कट : ३१७ | ६२९८६८।०० | कवोल अंकको ५ प्रतिशतका दरले |

### शर्तहरु

१) लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फाराम यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन (मिति २०८०।११।२९) सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी, मुल्यअभिबृद्धिकर दर्ता प्रमाण पत्र, आ.ब.०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निबेदन दिनु पर्ने छ ।

२) न्युनतम अंक माथी उल्लेख गरिए बमोजिम हुने छ । उक्त अंकमा अग्रिम आयकर र मुल्य अभिबृद्धि कर समाबेश गरिएको छैन ।

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको एन.एम.वि.वैक , कुडिया शाखामा रहेको धरौटी खाता न. १०५००८५४८९८०००४४ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी पेश गर्नु पर्ने छ ।

५) यो सुचना प्रकाशित भएको मितिले ८ औं दिन (२०८०।११।३०) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोहि दिनको १.३० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधी को उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

६) दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।

७) कार्यालयवाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

८) लिलाम ठेक्का सकार गर्ने फर्मले नदीजन्य पदार्थ उठाई सक्नु पर्ने समयावधि लगायतका अन्य शर्तहरु द्विपक्षीय सम्झौता वमोजिम हुनेछ ।

९) लिलाम ठेक्का सकार गरे पछी नदीजन्य पदार्थ उठाउनको लागि आवश्यक जनशक्ति, सवारी साधन, उपकरण लगायतको प्रवन्ध ठेकेदार स्वयमले गर्नु पर्ने छ ।

१०) लिलाम ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११) लिलाम गर्ने नदीजन्य पदार्थ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्ने हुनाले लिलाम वढावढमा सहभागी हुनेले सिलवन्दी दरभाउपत्र पेश गर्नु अघि आफुले सिलवन्दी दरभाउपत्र पेश गर्ने क्षेत्रको स्थलगत निरिक्षण गरी सिलवन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ । पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको वादविवाद गर्न वा मिनाहा छुट को दावी गर्न पाईने छैन ।

१२) लिलाम ठेक्का कवोल गरेको रकम, सोको अग्रिम आयकर र मुल्य अभिवृद्धि कर वापतको रकम एकमुष्ट रुपमा वुझाउनु पर्ने छ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुने छ ।

१३) अन्य जानकारीको लागि गाउँकार्यपालिकाको कार्यालय सम्पर्क गर्नु होला ।

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत